# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs                    Date: 23.06.2025**

---

***यो आकाशवाणी हो***

***प्रस्तुत छ प्रमुख समाचार :-***

***इरान र इजरायल बीच संघर्ष जारी, इजरायली सेनाले ईरान माछि नयाँ हवाई हमला गरिएको दावी गरेकोछ ।***

***चार राज्यहरूका विधानसभा उपचुनाउको परिणाम आएकोछ ।***

***रक्षा मन्त्री राजनाथ सिंहले नयां दिल्लीमा विंग्स टू आवोर होप्स- वोल्युम 2 नामक पुस्तक विमोचन गर्नुभएकोछ ।***

***आकाशवाणीको समाचार सोवा प्रभावले आफ्नो फोन इन कार्यक्रममा आज बेलुकी 9: 30 मा रक्तदान के व्यापक प्रभाव विषयमा परिचर्चा प्रसारित गर्नेछ ।***

***संपूर्ण राष्ट्रले आज पूर्व केन्द्रिय मन्त्री र जनसंघका संस्थापक डां श्याम प्रसाद मुखर्जीलाई उहाँको पूर्णतिथिमा श्रद्धान्जली अर्पण गरी रहेकोछ ।***

---

***अनिवार्य घोषणा***

आकाशवाणीको समाचार सेवा प्रभागले आफ्नो फोन इन कार्यक्रममा आज बेलुकी 9 बजेर 30 मिनिटमा रक्तदानको व्यापक प्रभाव विषयमा परिचर्चा प्रसारित गर्नेछ । अखिल भारतीय आयुर्विज्ञान संस्थान ए आई आई एम्स को नयाँ दिल्लीको ट्रान्सफ्युजन मेडिसिन का अतिरिक्त प्रोफेसर डाक्टर गोपाल पाटीदारले यस परिचर्चामा भाग लिनुहुनेछ ।

कार्यक्रमको बेला श्रोताले रक्तदानको प्रक्रिया, सुरक्षा संबधी चिन्ता र संबधित प्रश्नहरूबारे टेलीफोन अथ्वा वाट्सऐप मार्फत सोध्न सक्छन, टेलीफोन नंबर हुन- 011-2342-1050 र 011-233-14444 तथा वाट्सऐप नम्बर हो- 28-909-4044 एक्स हैशटैग ए एस यू- ए आई आर का साथ एक्सपा पनि प्रश्नहरू पोस्ट गर्न सकिने छन् ।

---

***राष्ट्रपति- लेखाकार***

राष्ट्रपति द्रौपदी मुर्मुले विश्वले, जलवायु परिवर्तनको संकटको सामना गरिरहेको, भन्नुभएकोछ । उहाँले भन्नुभयो स्थिरता अब कुनै नारा मात्र न भई, आवश्यकता भई सकेकोछ । नयाँ दिल्लीमा भारतीय लागत लेखाकार संस्थानको नेशनल स्टुडेंट्स दीक्षान्त 2025 लाई सम्बोधित गर्दै राष्ट्रपतिले भन्नुभयो, विद्यार्थीले आफ्नो कौशलसित यस उपग्रहको भविष्यमा महत्वपूर्ण परिवर्तन ल्याउन सक्छन् । उहाँले भन्नुभयो, भारतीय लागत लेखाकार संस्थानले विश्वको सबभन्दा बढ़ि मजबूत अर्थव्यवस्थाहरू मध्ये एक- भारतीय अर्थव्यवस्थाको निर्माणमा प्रमुख भूमिका खेलेकोछ ।

---

***गृह मन्त्री- क्षेत्रीय परिषद बैठक***

गृहमन्त्री अमित शाहले भोलि उत्तरप्रदेश वाराणसीमा मध्य क्षेत्रीय परिषदको 25 औं बैठकको अध्यक्षता गर्नुहुनेछ । मध्य क्षेत्रीय परिषदमा छत्तीसगढ़. मध्यप्रदेश, उत्तराखंड र उत्तरप्रदेश राज्य शामेल छन् । यस बैठकमा सदस्य राज्यका मुख्यमन्त्रीहरू अनि राज्यका दुई वरिष्ठ मन्त्री पनि शामेल हुनेछन् ।

---

***जितेन्द्र- विज्ञान- विकास गाथा***

विज्ञान एवम प्रोद्यौगिकी राज्य मन्त्री डा. जितेन्द्र सिंहले विगत एघार वर्षमा प्रोद्यौगिकी, भाररतको विकास गाथाको इंजिन बनेको, भन्नुभएकोछ। नयां दिल्ली एघार वर्षहरूमा वैज्ञानिक उपलब्धिहरूबारे एक सम्वाददाता सम्मेलनलाई संबोधित गर्दै डां सिंहले भन्नुभयो- 2014 मा देशमा केवल 50 बायोटेक स्टार्टअप थिए जुन बढ़ेर, दस हजार भन्दा बढ़ि भएका छन् । विविधतामा एकतामा भारतको ताकत माथि- जोढ़ दिँदै उहाँले जैव विविधतालाई दीगो विकासका लागि एक विशेष संसाध भनि बताउनुभयो ।

---

***राष्ट्रपति- पुस्तक विमोचन***

रक्षा मन्त्री राजनाछ सिंहले नयाँ दिल्ली आज सांझ विङ्ग्स टू आवोर होप्स- वोलुम 2 नामक शीर्षक भएको पुस्तक विमोचन गर्नुभयो । यस पुस्तकमा अगस्त 2023 देखि लिएर जुलाई 2024 सम्मको अवधिमा संकलित छन् । सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णव तथा राज्य मन्त्री डां मुरूगन पनि समारोहमा उपस्थित हुनुहुन्थ्यो । सो अवसरमा रक्षा मन्त्रीले भन्नुभयो, यस पुस्तकले विकसित भारतका लक्ष्य प्राप्त गर्ने तर्फ काम गर्न मानिसहरूलाई प्रेरित गर्नेछ ।

यस अवसरमा सूचना- प्रसारण मन्त्री अश्विनी वैषणवले भन्नुभयो, यस पुस्तकले आगामी पीढीहरूलाई राष्ट्रपति द्रौपदी मुर्मुका कल्याणकारी विचारहरूसित अवगत गराउनेछ । हिन्दी र इंगलिशमा जारी यस पुस्तकले राष्ट्रपतिको दोस्रो वर्षको कार्यकालको अवधिमा, उहाँको दृष्टिकोण, दर्शन र प्राथमिकताहरूलाई प्रदर्शित गर्ने 51 भाषणहरूको संग्रह प्रस्तुत गर्दछ ।

---

***इरान- इजरायल संघर्ष***

ईरान र इजरायल बीच संघर्ष जारी रहेको माझ, इजरायली सेनाले उसले आज एकाबिहानै इरान माथि नयाँ हवाई हमला गरिएको दावी गरेकोछ । यस ओपरोशनमा 15 भन्दा बढ़ि युद्धक विमानहरूले भाग लिए । ईरानले पनि इजरायलमा मिसाईल र ड्रोन हमलाहरू गरेकोछ । अर्को तर्फ, ईरानको संसदले विश्वको सबभन्दा महत्वपूर्ण तेल अनि गैष शिपिंग मार्गहरू मध्ये एक होर्मुज जलहरूमध्यलाई बन्द गर्ने प्रस्तावलाई सर्वसम्मतिले मंजूरी दिएकोछ । यसैबीच अमेरीकी सैन्य अधिकारीहरूले संपूर्ण क्षेत्रमा सेनालाई हाई अलर्ट मा राखेकोछ । इरानका विदेश मन्त्री अब्बास अरागची आज रसियाली राष्ट्रपति व्लाडिमिर पुटिन र क्षेत्रीय तथा अन्तर्राष्ट्रीय विकासको संबधमा अन्य वरिष्ट अधिकारीहरूका साथ कुराकानी गर्न माँस्को पुग्नुभएकोछ ।

---

***मुखर्जी- श्रद्धान्जली***

आज संपूर्ण राष्ट्रले पूर्व केन्द्रिय मन्त्री र जनसंघ का संस्थापक डां श्याम प्रसाद मुखर्जीलाई श्रद्धान्जली दिइरहेकोछ । प्रधानमन्त्री नरेन्द्र मोदीले डां मुखर्जीलाई श्रद्धान्जली दिँदै एक सोशल मिडिया पोस्ट मा भन्नुभयो, डां मुखर्जीले देशको अखण्डतालाई अक्षुमण राख्नका लगि अतुलनीय साहसको परिचय दिनुभयो । भाजपाका राष्ट्रीय अध्यक्ष जगत प्रकाश नड्डाले पनि आज नयाँ दिल्ली स्थित पार्टी मुख्यालयमा डां श्याम प्रसाद मुखर्जीको पुण्यतिथिमा उहाँलाई पुष्पांजली अर्पित गर्नुभयो । केन्द्रीय मन्त्री धर्मेन्द्र प्रधान र मुख्यमन्त्री रेखा गुप्ताले पनि डां मुखर्जीको प्रतिमामा पुष्पांजली अर्पित गर्नुभयो ।

---

***मोंदी- पी एम संग्रहालय***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा प्रधानमन्त्री संग्रहालय र पुस्तकालय सोसायटीको 47 औं वार्षिक आम बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रिय मन्त्री राजनाछ सिंह, निर्मला सीतारमन अश्विनी वैष्णव, गजेन्द्र सिंह शेखावत र धर्मेन्द्र प्रधान लगायत कैयन अन्य व्यक्तिहरू शामेल भए।

---

***प्रधानमन्त्री शताब्दी समारोह***

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयां दिल्लीमा भारतका दुई महान आद्यात्मिक र नैटिक नेताहरू- श्री नारायण गुरू अनि महात्मा गांधी बीच ऐतिहासित संवादको शताब्दी समारोहको उद्घाटन गर्नुहुनेछ। 12 मार्च, 1925 मा, महात्मा गांधीको यात्राको बेला शिवगिरी मठमा यो कुराकानी भएको थियो।

---

***उप चुनाउ***

चार राज्यहरूका विधानसभा उपचुनाउको परिणाम आएकोछ। गुजरातमा, दुई विधानलभा ठीटमा भएको उपचुनाउमा आम आदमी पार्टीका गोपाल इटालियाले विसावदार सीत 17 हजार भन्दा बढ़ि मतान्तरले जीते भने भाजपाका राजेन्द्र कुमार चावढाले कड़ी सीटमा 39 हजार भन्दा बढ़ि मतान्तरले विजयी भए।

तृणमूल कंग्रेसकी उम्मेदवार अलीफा अहमदले पश्चिम बंगालमा कालीगंज विधानसभा उपचुनाउमा जीत दर्ता गरेकी छन्। आम आदमी पार्टीका उम्मेदवार संजीव अरोढ़ाले पंजाबको लुधियाना विधानसभा उप चुनाउ जीतेका छन्। केलम भने, कँग्रेसको नेतृत्वभएको यूनाइटेड डेमोक्रेटिक फ्रन्टले नीलांबुर विधानसभा उपचुनाउमा जीत पाएकोछ।

---

***अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट***

***इरान र इजरायल बीच संघर्ष जारी, इजरायली सेनाले ईरान माछि नयाँ हवाई हमला गरिएको दावी गरेकोछ।***

***चार राज्यहरूका विधानसभा उपचुनाउको परिणाम आएकोछ।***

***रक्षा मन्त्री राजनाथ सिंहले नयां दिल्लीमा विंग्स टू आवोर होप्स- वोल्युम 2 नामक पुस्तक विमोचन गर्नुभएकोछ।***

***आकाशवाणीको समाचार सोवा प्रभावले आफ्नो फोन इन कार्यक्रममा आज बेलुकी 9: 30 मा रक्तदान के व्यापक प्रभाव विषयमा परिचर्चा प्रसारित गर्नेछ।***

***संपूर्ण राष्ट्रले आज पूर्व केन्द्रिय मन्त्री र जनसंघका संस्थापक डां श्याम प्रसाद मुखर्जीलाई उहाँको पूर्णतिथिमा श्रद्धान्जली अर्पण गरी रहेकोछ।***

---